# त्रियुगा नगरपालीका कार्यालय

## गाईघाट-२, उदयपुर

# सवारी साधन खरिद सम्बन्धि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७३/०१/१४ गते)

यस त्रियुगा नगरपालिका कार्यालयवाट वोलपत्र फारमसाथ संलग्न स्पेशिफिकेशन वमोजिम **Full Option** को **Diesel** ईन्जिन भएको १ (एक) थान सवारी साधन (जिप) खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्वर, मु. अ. कर दर्ता प्रमाापत्र, करचुक्ता प्रमाण पत्र र नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको आधिकारीक फर्म, कम्पनी, डिलर वा आपूर्तिकर्तावाट तपशिल वमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी वोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरू:**

१. बोलपत्रफारम रु १,०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा ३१ औ दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनु पर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनु पर्नेछ ।

४. वोलपत्र फारममा उल्लेखित कवोल अंकको स्वदेशी नगरिक भए आफूले कवोल गरेको अंकको भ्याट समेत २.५% र विदेशी नागरिक भए ५% धरौटी रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक, गाईघाट शाखाको धरौटी खाता नं. ग-२०९-०३०३००-३००२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ । वोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ ।

५. प्राप्त भएके वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

६. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

७. शर्त राखी पेश गरको (छुट दिने वाहेक), रित नपुगेको, म्याद नाघी आएको वोलपत्र फारमहरुलाई मान्यता दिईने छैन ।

८. वोलपत्र सम्वन्धि अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

९. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.triyugamun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

त्रियुगा नगरपालिका कार्यालय
गाईघाट, उदयपुर